आज मिति २०७७/०२/२० गते मंगलबारका दिन वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री फेन्चोक छेप्तेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले तपशिल बमोजिमको उपस्थितिमा बिभिन्न प्रस्ताब उपर छलफल गरि देहायनुसार निर्णय गरियो ।

उपस्थितिः

| नाम थर | पद |
|---|---|
| श्री फेन्चोक छेप्तेन गुरुङ | कार्यपालिका अध्यक्ष |
| श्री दिकी गुरुङ | कार्यपालिका उपाध्यक्ष |
| श्री चिरन्जीबी बराल | प्रमुख प्रशासकीय अधिकृत |
| श्री विर वहादुर गुरुङ | कार्यपालिका सदस्य |
| श्री छिन नाम्म्या गुरुङ | |
| श्री नविन कुमार गुरुङ | |
| श्री तेन्जिङ नाम्गेल गुरुङ | |
| श्री राप्के गुरुङ | |
| श्री साङमो छिरिङ गुरुङ | |
| श्री फुल कुमारी विश्वकर्मा | |
| श्री लक्ष्मी कुमारी गुरुङ | |
| श्री देवि गुरुङ | |
| श्री फुलमाया वि.क. | |
| श्री छिरिङ आङ्ग्याल गुरुङ | |

अन्य उपस्थिति

प्रस्ताब नं. १ :लकडाउन कार्यान्वियन सम्बन्धमा ।

प्रस्ताब नं. २ :तपशिलका कार्यविधि स्वीकृत गर्ने ।

(क) कृषक समुह गठन तथा ब्यबस्थापन निर्देशिका, २०७७
(ख) ब्यबसाय दर्ता तथा नबिकरण कार्यविधि , २०७७
(ग) स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७७

प्रस्ताब नं. ३ : चालु आ.ब. २०७६/०७७ को प्रशासनिक व्यय अनुमानतर्फ तथा स्वास्थ्य शाखाको बजेट संशोधन ।

प्रस्ताब नं. ४ : घर भाडामा लिने सम्बन्धमा ।

प्रस्ताब नं. ५ : करारमा कार्यरत कर्मचारीको स्थानीय भत्ता सम्बन्धमा ।

प्रस्ताब नं. ६ : आ.ब. २०७६/०७७ मा वडा कार्यालयहरु मर्मत सुधार शिर्षकको बजेट खर्च गर्ने सम्बन्धमा ।

**प्रस्ताव नं. ७ : वडा कार्यालयको प्रशासनिक खर्च सम्बन्धमा ।**

**प्रस्ताव नं. ८ : मातृभाषामा पढाउने शिक्षकको लागि अनुदान तर्फ बिद्यालयको नाम परिबर्तन ।**

**निर्णयहरु:**

**निर्णय नं. १** : प्रस्ताव नं. १ माथि छलफल गर्दा कोरोना संक्रमणको जोखिम दिन प्रतिदिन बढ्दै गएको अवस्थामा मुस्ताङको सिमाना घाँसामा नै क्वारेन्टाइन स्थापना गर्ने र सिमा नाकामा नै थप कडाइ गर्ने गरी मिति २०७७/०२/२१ मा हुन लागेको जिल्ला स्तरीय बैठकमा प्रस्ताव लैजाने साथै पाण्डाखोलाबाट अत्यावश्यक बाहेक अन्य सवारी र व्यक्ति समेत प्रवेश गर्न पूर्ण रुपमा प्रतिबन्ध गर्ने गरी शिल गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २** :प्रस्ताव नं. २ माथि छलफल गर्दा पेश भएका तपशिल बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने निर्णय गरीयो ।

(क) कृषक समुह गठन तथा ब्यबस्थापन निर्देशिका, २०७७
(ख) ब्यबसाय दर्ता तथा नबिकरण कार्यविधि , २०७७
(ग) स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७७

**निर्णय नं. ३** : प्रस्ताव नं.३ माथि गर्दा आ.ब. २०७६/०७७ को प्रशासनिक व्यय अनुमान तर्फ तथा स्वास्थ्य शाखामा बिभिन्न शिर्षकमा बिबिध कारणले खर्च रकम बढी हुने देखिएको र नयाँ शिर्षकमा समेत खर्च गर्नुपर्ने भएको हुँदा सो को पुष्ट्याई सहित बजेट संशोधन गरी गाउँसभामा समर्थनको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** :प्रस्ताव नं. ४ माथि छलफल गर्दागाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भईनसकेकोले कार्यालय संचालनको लागि हाल कार्यालय रहेको स्थानमात्र पर्याप्त नभएको हुँदा गाउँपालिकाको स्टोर कार्यालय प्रयोजन एबम कर्मचारी आबास समेतको लागि प्रयोग गर्ने प्रयोजनको लागि ५ कोठाको घर आगामी आ.ब. २०७७/०७८ को श्रावणदेखि नै भाडामा लिने गरी अहिले बाट प्रकृया सुरु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** :प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिकामा करारमा कार्यरत कर्मचारीलाई आगामी आर्थिक वर्ष देखि नेपाल सरकारले निर्धारण गरेको दररेट अनुसार स्थानीय भत्ता उपलब्ध गराउने निर्णय गरीयो । र सो निर्णयको समर्थनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ माथि छलफल गर्दाआ.ब. २०७६/०७७ मा वडा कार्यालय मर्मत सुधारमा प्रति वडा १ लाख का दरले खर्च गर्ने गरी कुल ५ लाख छुट्याइएको हुँदा सम्बन्धित वडा कार्यालयले नै नियमको परिधि भित्र रही आफ्नो आवश्यकता अनुसार मर्मत,फर्निचर आदीमा खर्च गरी भुक्तानीको लागि गाउँपालिकामा पेश गर्ने ।

**निर्णय नं. ७** :प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.ब. २०७६/०७७ को प्रशासनिक व्यय अनुमानको बिबिध शिर्षकबाट खर्च लेख्ने गरी प्रति वडा ३० हजारका दरले कुल १ लाख ५० हजार सम्बन्धित वडालाई प्रशासनिक खर्च स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.ब. २०७६/०७७ को शिक्षा क्षेत्रको बजेट मा मातृभाषामा पढाउने शिक्षकको लागि अनुदान तर्फ प्रति बिद्यालय ३ लाखका दरले अनुदान दिने गरी जनशान्ति मा.वि,जननर्मल आ.बि., र कागछोदे गुम्बा छनौट गरिएकोमा जनशान्ति मा.बि.कागबेनीले हालसम्म पनि शिक्षक नियुक्ति नगरेकोले उक्त बिद्यालयको लागि छुट्याइएको बजेट पुर्ब स्वीकृति लिई स्थानीय भाषा शिक्षक नियुक्ति गरी स्थानीय भाषामा पठनपाठन गर्दै आएको मुक्तिनाथ आ.बि झारकोटलाई नियुक्ति मिति देखि मासिक २५ हजारका दरले अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका
प्रशासनिक व्यय अनुमान संशोधित

रकम रु हजारमा

| क.सं. | खर्चको शीर्षक नं. | विवरण | बार्षिक बजेट २०७६/०७७ | थप | घट | अब कायम हुने बार्षिक बजेट | पुष्ट्याई |
|---|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ११४६० | | | ११४६० | |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी | ४००० | | | ४००० | |
| ३ | २११३१ | स्थानीय भत्ता | ३५०० | | | ३५०० | |
| ४ | २११३३ | फिल्ड भत्ता | १२० | | | १२० | |
| ५ | २११३४ | कर्मचारी बैठक भत्ता | २०० | | | २०० | |
| ६ | २११३५ | कर्मचारी प्रोत्साहन पुरस्कार | १०० | | | १०० | |
| ७ | २११३९ | अन्य भत्ता | ५० | | | ५० | |
| ८ | २११४१ | पदाधिकारी बैठक | २०० | | | २०० | |
| ९ | २११४२ | पदाधिकारी अन्य सुबिधा | २०० | | | २०० | |
| १० | २१२१४ | कर्मचारी कल्याण कोष | १००० | | | १००० | |
| ११ | २११३२ | महंगी भत्ता | ९४० | | | ९४० | |
| १२ | २११२१ | पोशाक | ७०० | २० | | ७२० | अपुग भएको |
| १३ | २२१११ | पानी तथा बिजुली | १५० | | | १५० | |
| १४ | २२३३१ | निर्मित सार्वजनिक सम्पतिको सम्भार खर्च | २०० | १०० | | ३०० | कार्यालय भवन मर्मत गर्नुपर्ने |
| १५ | २२११२ | संचार महशुल | ३५० | ५० | | ४०० | संचार पदाधिकारी समेत |
| १६ | २२११३ | सार्वजनिक उपयोगीताको सेवा | ० | | | ० | |
| १७ | २२२११ | इन्धन पदाधिकारी | २०० | | | २०० | |
| १८ | २२२१२ | इन्धन कार्यालय प्रयोजन | १५० | २०० | | ३५० | अनुगमन तथा कारोना सक्रमण न्यूनाकरण लगायत अन्य अत्यावश्यक काममा हिड्नुपरेको |
| १९ | २२२९१ | अन्य सम्पतिको संचालन तथा सम्भार खर्च | ० | | | ० | |
| २० | २२२१३ | सवारी साधन मर्मत खर्च | ३५० | ५२५ | | ८७५ | सवारी दुर्घटना भई क्षति भएको |
| २१ | २२२१४ | बिमा तथा नवीकरण | १५० | | | १५० | |
| २२ | २२२२१ | मेसीनरी औजार | ३०० | ३८५ | | ६८५ | कार्यालय सचालनका लागि अत्यावश्यक कम्प्युटर,प्रिन्टर खरिद |
| २३ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ९०० | ३०० | | १२०० | कार्यालय सामग्री खरिद |
| २४ | २२३१४ | इन्धन अन्य प्रायोजन | १०० | | | १०० | |
| २५ | २२३१५ | पत्रपत्रिका,छपाई तथा सुचना प्रकाशन | ३०० | २०० | | ५०० | बिभिन्न योजनाको सूचना प्रकाशन |
| २६ | २२३१९ | अन्य कार्यालय संचालन खर्च | १०० | | | १०० | |
| २७ | २२४११ | सेवा र परामर्श खर्च | १०० | | | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर | ५०० | | ५०० | ० | |
| २९ | २२४१३ | करार सेवा शुल्क | २३०० | | | २३०० | |
| ३० | २२४१४ | सरसफाई शुल्क | २३० | | २३० | ० | |
| ३१ | २२४१९ | अन्य सेवा शुल्क | ० | | | ० | |
| ३२ | २२५११ | कर्मचारी तालिम | २०० | | २०० | ० | |
| ३३ | २२५१२ | सिप बिकास तथा जनचेतना तालिम | ५०० | | ५०० | ० | |
| ३४ | २२६११ | अनुगमन तथा मुल्यांकन | ३०० | | ८० | २२० | |
| ३५ | २२६१२ | भ्रमण खर्च | ६५० | ३५० | | १००० | कार्यालयको काममा बिभिन्न स्थानमा जान |
| ३६ | २२७११ | बिबिध खर्च | १००० | १५० | | ११५० | श्रोत नखुलेको खर्चको लागि |
| ३७ | २२७२१ | सभा संचालन खर्च | ५०० | | | ५०० | |
| ३८ | २५३१२ | स्वास्थ्य संस्थालाई सहायता | ४५० | | | ४५० | |
| ३९ | २५३१३ | उपभोक्ता समिति तथा गैसस सहायता | ० | | | ० | |
| ४० | २५३१४ | धार्मिक तथा सांस्कृतिक सहायता | २०० | | २०० | ० | |
| ४१ | २५३१५ | अन्य सहायता | ५०० | | ४०० | १०० | |
| ४२ | २६४१३ | अन्य संस्थालाई अनुदान स-शर्त | ४०० | | २०० | २०० | |
| ४३ | २७२११ | छात्रवृत्ति | १०० | | | १०० | |
| ४४ | २७२१२ | उद्धार,राहत तथा पुनर्स्थापना | २०० | | | २०० | |
| ४५ | २७२१३ | औषधि खरिद खर्च | २०० | | २०० | ० | |
| ४६ | २८१४२ | घर भाडा अन्य भाडा | ७०० | | | ७०० | |
| ४७ | २८९११ | भैपरी आउने चालु खर्च | २०० | | | २०० | |
| ४८ | २११४१ | न्यायिक समिति प्रशासनिक खर्च | ५० | | | ५० | |
| ४९ | ३१११५ | फर्निचर तथा फिक्चर्स | ० | २३० | | २३० | कार्यालयको लागि अत्यावश्यक फर्निचर खरिद |
| | जम्मा | | ३५००० | २५१० | २५१० | ३५००० | |

**स्वास्थ्य शाखा तर्फ**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वडा नं. ५ र मुक्तिनाथ रानीपौवा स्वास्थ्य इकाई संचालन र ब्यबस्थापन | १००० | | ६०० | ४०० | |
| | | जिरो होम डेलीभरी गाउँपालिका अभियान अभिमुखीकरण घर दैलो तथा गर्भवती महिलाका लागि कुखुरा वितरण | ३०० | | ३०० | ० | |
| | | महामारी नियन्त्रण तथा बिपत ब्यबस्थापन | ० | ५०० | | ५०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कागजमुक्त सूचना प्रणाली बिकास | ३०० | १०० | | ४०० | |
| | | WHO Standard फ्रिज खरिद | ० | ३०० | | ३०० | |
| | | जम्मा | १६०० | ९०० | ९०० | १६०० | |